सबै मादक पदार्थहरू निषेधित छन्।

अबु बुरदाद्वारा बयान गरिएको छ, जसले आफ्ना बुवा अबु मूसा अल-अश'री (रदियल्लाहु अन्हु) बाट वर्णन गर्नुभएको छ: नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले अबु मूसा अल-अश'अरी (रज़ियल्लाहु अन्हु) लाई यमनतिर हाकिम बनाएर पठाउनुभयो। अबु मूसा अल-अश'अरीले नबी (सल्लल्लाहु अलैहि वसल्लम) सँग यमनमा बनाइने केही पेय पदार्थबारे सोध्नुभयो। नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सोध्नुभयो: “ती पेय पदार्थ के हुन्?” उहाँले उत्तर दिनुभयो: “बित‘अ’ र मिज्र।” (अबु बुरदा (रज़ियल्लाहु अन्हु) लाई सोधियो: “बित‘अ’ के हो?” उनले भने: “महको मदिरा।” र “मिज्र” भनेको “जौको मदिरा” हो।) नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: “सबै मादक पदार्थहरू निषेधित छन्।” (बुखारी) (इमाम मुस्लिमलो वर्णन गरेको हदीसको शब्द हो) अबु मूसा अल-अश'अरी (रज़ियल्लाहु अन्हु) ले भन्नुभयो: “रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मलाई र मुआज़ (रज़िअल्लाहु अन्हु) लाई यमनतिर हाकिम बनाएर पठाउनुभयो। मैले भनेँ, ‘हे रसूलल्लाह (सल्लल्लाहु अलैहि वसल्लम)! हाम्रो (यमनको) भूमिमा एक प्रकारको पेय बनाइन्छ जसलाई ‘मिज्र’ भनिन्छ, जुन जौबाट बनाइन्छ। अनि अर्को पेय बनाइन्छ, जसलाई ‘बित्अ’ भनिन्छ, जुन मह (मधु) बाट बनाइन्छ।’ रसूल(सल्लल्लाहु अलैहि वसल्लम)ले भन्नुभयो, सबै मादक पदार्थहरू निषेधित छन्।” मुस्लिमको आर्को हदीस अनुसार— "रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो— कुनै पनि पदार्थ जसले प्रार्थना गर्नबाट रोक्छ वा बिर्साउँछ (जस्तै नशा ल्याउँछ), त्यो वर्जित छ।" मुस्लिमकै अर्को हदीसमा छ: "रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई
संक्षिप्त र व्यापक अर्थपूर्ण बोलीको विशेषता (जवामिअल-कलिम) प्रदान गरिएको थियो, उहाँले भन्नुभयो: ‘मैले नमाजबाट विचलित गर्ने हरेक नशालु पदार्थलाई निषेध गरेको
छु।"
[رواه البخاري ومسلم] [सही[

अबु मूछ,अल-अशअरी (रजियल्लाहु अन्हु) ले बताउनुभयो कि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उहाँलाई यमन पठाउनुभयो। उहाँले जाने क्रममा नबी (सल्लल्लाहु अलैहि वसल्लम) सँग त्यहाँ बनाइने पेय पदार्थहरूको बारेमा सोध्नुभयो (कि ती निषिद्ध हुन् वा होइनन्)। नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले ती पेय पदार्थहरू के हुन् भनी सोध्नुभयो। अबु मूसाले भन्नुभयो: ती हुन्— 'बित्अ' (महबाट बन्ने 'नबीज') र 'मिज्र' (जौबाट बन्ने 'नबीज')। तब नबी (सल्लल्लाहु अलैहि वसल्लम), जसलाई (जवामिअल-कलिम) संक्षिप्त र अर्थपूर्ण वचनको विशेषता प्रदान गरिएको थियो, ले भन्नुभयो: "सबै मादक पदार्थहरू निषेधित छन्।"

http://sunnah.global/hadeeth/ne/show/66536